श्री ICT (कम्प्युटर) website upload गर्ने


नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय, वीरेन्द्रनगर, सुर्खेत

☎ ०८३-५२०१८८
इमेल: surkhet@dolma.gov.np


## भू-सेवा केन्द्र संचालन अनुमतिका लागि अनलाईन निवेदन माग गरिएको सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७७/१०/२७

उपरोक्त सम्बन्धमा भूमि व्यवस्थापन तथा अभिलेख विभागबाट मिति २०७७ माघ १४ गते कान्तिपुर दैनिकमा प्रकाशित सूचना अनुसार यस कार्यालयमा भू-सेवा केन्द्र संचालन निर्देशिका २०७६ लागु गर्ने निर्णय भएको व्यहोरा जानकारी हुन आएकोले भू-सेवा केन्द्र स्थापना तथा संचालन गर्नको लागी मालपोत नियमावली २०३६ नियम २३क र २३ख बमोजिम योग्यता पुगेका तथा भू-सेवा केन्द्र संचालन निर्देशिका २०७६ दफा ७ मा तोकिए बमोजिम पूर्वाधार पुरा भएका इच्छुक व्यक्ति, संस्था तथा स्थानिय सरकारले अनुमति लिनको लागि मिति २०७७/१०/२७ देखि २०७७/११/११ सम्म https://public.dolma.gov.np मार्फत अनलाईन निवेदन पेश गरी सोसंग सम्बन्धित सक्कल कागजात यस कार्यालयको प्रशासन शाखामा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

भू-सेवा केन्द्रको अनुमति किसिम र योग्यता तपसिल अनुसार हुने छः-

| व्यक्तीको हकमा | रजिष्टर्ड संस्थाको हकमा | स्थानिय तहको हकमा | कानुन व्यवसायी वा लेखापढी व्यवसाय गर्ने प्रमाणपत्र प्राप्त व्यक्तिको हकमा | साधारण प्रयोगकर्ताको हकमा |
|---|---|---|---|---|
| क) नेपाली नागरिक<br>ख) अठार वर्ष उमेर पुरा भएको<br>ग) कम्प्युटर विषय लिई कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको वा अन्य विषयमा सो सरहको योग्यता भई कम्प्युटर सम्बन्धी कम्तिमा छ महिनाको तालिम प्राप्त गरेको<br>घ) प्रचलित कानुन बमोजिम स्थायी लेखा नम्बर लिएको<br>ङ) सेवा केन्द्र संचालनका लागि दफा ७ बमोजिम भौतिक पूर्वाधार भएको<br>च) नैतिक पतन देखिने फौजदारी कसुर वा लिखत सम्बन्धी कुनै कसुरमा अदालतबाट दोषी प्रमाणित नभएको । | क) प्रचलित कानुन बमोजिम सेवा प्रदायक संस्थाको रुपमा दर्ता भएको,<br>ख) संस्थामा काम गर्ने जनशक्ति नेपाली नागरिक भै अठार वर्ष उमेर पुरा भएको<br>ग) संस्थामा काम गर्ने जनशक्ति कम्प्युटर विषय लिई कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको वा अन्य विषयमा सो सरहको योग्यता भई कम्प्युटर सम्बन्धी कम्तिमा छ महिनाको तालिम प्राप्त गरेको<br>घ) प्रचलित कानुन बमोजिम संस्थाको नाममा स्थायी लेखा नम्बर लिएको<br>ङ) कर चुक्ता प्रमाण पत्र<br>च) सेवा केन्द्र संचालनका लागि दफा ७ बमोजिम भौतिक पूर्वाधार भएको । | सेवा केन्द्र संचालन गर्ने जनशक्ति र पुर्वाधार भएको । | क) कानुन व्यवसायी वा लेखापढी व्यवसाय गर्ने प्रमाणपत्र भएको ।<br>ख) नेपाली नागरिक<br>ग) प्रचलित कानुन बमोजिम स्थायी लेखा नम्बर लिएको<br>ङ) कर चुक्ता प्रमाण पत्र भएको<br>च) भू-सेवा केन्द्र संचालनका लागि दफा ७ बमोजिम भौतिक पूर्वाधार भएको । | क) प्रयोगकर्ताको नाममा जग्गाधनि प्रमाण पुर्जा भएको<br>ख) आफ्नो नाममा भएको जग्गाका कित्ता विवरण भू-सूचना प्रणालीमा अद्यावधिक भएको तर भू-सूचना प्रणालीमा देखिएको विवरण र जग्गाधनि दर्ता श्रेस्तामा भएको विवरण फरक परी जग्गाधनि पहिचानमा समस्या देखिएमा जग्गाधनिले सम्बन्धित कार्यालयमा गई डाटा अध्यावधिक गराउनु पर्ने छ । |

हिक्मत जंग शाही
प्रमुख मालपोत अधिकृत

**भू-सेवा केन्द्र संचालनका लागि आवश्यक पुर्वाधार:-**

क) कम्प्युटर
ख) प्रिन्टर
ग) ब्याकप सिस्टम
घ) स्क्यानर
ङ) भू-सूचना प्रणालीसंग कम्प्याटिबल हुने बायोमैट्रिक डिभाईस (Finger Print Device) र
च) Internet Connectivity कम्तिमा 2/2 Mbps को Dedicated Line भएको

**अनुमति पत्रको दस्तुर, अवधी तथा नविकरण सम्बन्धी व्यवस्था**

क। साधारण प्रयोगकर्ताको युजर एकाउन्ट खोल्नका लागि सम्बन्धित कार्यालयमा पाँच सय रुपैयाँ दस्तुर बुझाउनु पर्नेछ र प्रत्येक दश वर्षमा नविकरणका लागि एक सय रुपैयाँ दस्तुर बुझाउनु पर्नेछ ।

ख। साधारण प्रयोगकर्ताले युजर एकाउन्ट नविकरण नगरेको अवस्थामा अनलाईन प्रणालीमा त्यस्ता प्रयोगकर्ताको पहुँच स्वतः निस्कृय हुनेछ ।

१. भू-सेवा केन्द्र सञ्चालनको अनुमति लिन देहाय बमोजिमको दस्तुर लाग्ने छ:

क।व्यक्तिको हकमा तीन हजार रुपैया

ख। संस्थाको हकमा पाँच हजार रुपैयाँ

उक्त दस्तुर यस कार्यालयको नाममा नबिल बैंकमा रहेको खातामा रकम जम्मा गरि सोको भौचर पेश गर्नु पर्ने छ ।

२. भू-सेवा केन्द्र सञ्चालनको अनुमति लिन चाहने व्यक्ति वा संस्थाले नविल बैंकमा धरौटी बापत देहाय बमोजिमको नगद रकम जम्मा गर्नु पर्नेछ । बैंक ग्यारेन्टीको हकमा चालु आर्थिक वर्षको बाँकी रहेको अवधिमा एक महिना थप गरी कायम हुने कुल अवधिको देहाय बमोजिमको रकम बराबरको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।

क। व्यक्तिको हकमा पचास हजार रुपैया

ख। संस्थाको हकमा दुई लाख रुपैया

३. स्थानिय तहलाई भू-सेवा केन्द्रको अनुमति लिन र नविकरण गर्न कुनै दस्तुर लाग्ने छैन ।

४. भू-सेवा केन्द्र सञ्चालनको अनुमति पत्रको अवधि एक आर्थिक वर्षको हुने छ ।

५. थप जानकारीका लागि यस मालपोत कार्यालय वीरेन्द्रनगर सुर्खेतमा सम्पर्क गर्नुहोला ।

हिक्मत जंग शाही
प्रमुख मालपोत अधिकृत

Scanned with CamScanner